# सशस्त्र प्रहरी बल

**स.प्र.स.नि./स.प्र.ना.नि. (प्राविधिक)** पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

परीक्षा योजना (Examination Scheme) निम्नानुसार चरणमा हुनेछ :

| चरण | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक शारीरिक परीक्षण | - | - |
| द्वितीय चरण | शारीरिक सहिष्णुता परीक्षा | - | - |
| तृतीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| चतुर्थ चरण | लिखित परीक्षा | १०० | ४०% |
| पाँचौ चरण | विशेष स्वास्थ्य परीक्षण | - | - |
| छैठौ चरण | अन्तर्वार्ता परीक्षा | २० | - |

**१. प्रथम चरण :– प्रारम्भिक शारीरिक परीक्षण**

| विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुतीर्ण | उत्तीर्ण | अनुतीर्ण |
| उचाई | ६२ ईन्च वा सो भन्दा माथी | ६२ ईन्च भन्दा कम | ६० ईन्च वा सो भन्दा माथी | ६० ईन्च भन्दा कम |
| तौल | ५० के.जी.वा सो भन्दा माथी | ५० के.जी.भन्दा कम | ४२ के.जी.वा सो भन्दा माथी | ४२ के.जी.भन्दा कम |
| छाती | नफुलाउदा कम्तिमा ३१ ईन्च, फुलाउदा कम्तिमा ३३ ईन्च । कम्तिमा २ ईन्च फुलाउनु पर्ने । | नफुलाउदा कम्तिमा ३१ ईन्च भन्दा कम भएको । कम्तिमा २ ईन्च फुलाउन नसक्ने | नपर्ने | नपर्ने |
| | **बियरिङ्गमा अनुतीर्ण हुने कारणहरु** | | | |
| साधारण बियरिङ्ग | अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको, घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको, धेरै चेप्टो पैताला भएको, प्रष्ट बोली नभएको/भकभके, लठ्यौरो, दांत झरेको/२ वटा भन्दा बढी दांत किराले खाएको, ढाड कुप्रो भएको, शरीर पूरा झुकाउन नसक्ने, जिउ कोल्टे परेको, दुवी भएको, एक तिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रंगाएको, उचाई अनुसार हुनुपर्ने तौल भन्दा बढी तौल भएको, आँखा डेढो भएको, Colour blind भएको, शरीर मोटो तर हात खुट्टा झिनो देखिने, अनुहारमा १×१ से.मी. भन्दा ठुलो काटेको, पोलेको वा अन्य कुनै किसिमको दागहरू भएको, शरीरमा ट्याटु मार्क २.५×२.५ से.मी. भन्दा ठुलो बनाएको, नशा फुल्ने वा भेरिकोच भएको । | | | |

**द्रष्टव्यः-**
प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइनेछ ।

**२. द्वितीय चरण :– शारीरिक सहिष्णुता परीक्षा**

| विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुतीर्ण | उत्तीर्ण | अनुतीर्ण |
| ३०० मीटर दौड | ५५ सेकेन्ड सम्म | ५५सेकेन्ड भन्दा माथी | ६५ सेकेन्ड सम्म | ६५ सेकेन्ड भन्दा माथी |
| सिट-अप | १० पटक वा सो भन्दा माथी | १० पटक भन्दा कम | ३ पटक वा सो भन्दा माथी | ३ पटक भन्दा कम |
| पुस-अप | १० पटक वा सो भन्दा माथी | १० पटक भन्दा कम | ३ पटक वा सो भन्दा माथी | ३ पटक भन्दा कम |
| २ माईल दौड (३२०० मीटर) | १८ मीनेट सम्म | १८ मीनेट भन्दा माथी | २२ मीनेट सम्म | २२ मीनेट भन्दा माथी |

**द्रष्टव्यः-**
द्वितिय चरणको शारीरिक सहिष्णुता परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणमा सम्मिलित गराइनेछ ।

**३. तृतीय चरण :– विस्तृत स्वास्थ्य परीक्षण**

सशस्त्र प्रहरी बल प्रधान कार्यालयद्वारा तोकिएको चिकित्सकबाट निम्नानुसारको परीक्षण गरिनेछ ।

1. General personalty observation
2. Medical
3. General Physic (Surgical)
4. Dental
5. Chest (X-ray report)
6. ENT
7. Eye test (DV/CV)
8. BP
9. Blood (HB,TC,DC,ALB,SUG,M/E)
10. Pregenency (For Female Candidate Only)

**द्रष्टव्य:-**

तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

**नोट :** सशस्त्र प्रहरी बलमा खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति हुने उल्लेखित पदहरुको लिखित परीक्षाको पाठ्यक्रम विज्ञापन प्रकाशन हुनुपुर्व सेवा आयोगबाट स्वीकृत गराई प्रकाशित गरिनेछ ।

पाठ्यक्रम लागू मिति :- २०७३।०५।२३ गते ।